बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रदेश किताबखाना**
हेटौंडा, मकवानपुर

पत्र सङ्ख्याः प्र.कि./२०८२/०८३
चलानी नं. ९६

मिति: २०८२।०८।०५

**विषय: विवरण सम्बन्धमा।**

श्री सबै (११९) स्थानीय तहहरु,
बागमती प्रदेश ।

प्रस्तुत विषयमा मिति २०८२।०७।२४ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती) र प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशबीच प्रदेश तथा स्थानीय सेवा (अन्य सेवा समेत) को कर्मचारी सूचना प्रणाली (PIS Portal) पहुँच हस्तान्तरण सम्बन्धी समझदारीपत्र (MOU) मा हस्ताक्षर भएको व्यहोरा अनुरोध छ ।
स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्थानीय तहको संगठन तथा पद दर्ता एवं कर्मचारीको अभिलेख राख्ने जिम्मेवारी यस निकायमा रहेको व्यहोरा समेत जानकारी नै छ । यस प्रदेशमा कार्यरत स्थानीय तहका स्थायी कर्मचारीको कुनै पनि भौतिक अभिलेख यस कार्यालयमा नरहेकोले अभिलेख अद्यावधिक गर्ने कार्य अघि बढाउन कठिनाई भईरहेको छ ।
तसर्थ त्यस स्थानीय तहको स्वीकृत संगठन संरचना र दरबन्दीको विवरण तथा प्रत्येक कर्मचारीहरुको व्यक्तिगत विवरणहरु अद्यावधिक गर्ने प्रयोजनको लागि स्वीकृत संगठन संरचना र दरबन्दी तेरिजको अतिरिक्त तहाँ कार्यालयमा कार्यरत स्थायी (साविक संघ/ स्थानीय सेवा अन्य सेवा समेत) कर्मचारीहरु प्रत्येकको छुट्टाछुट्टै व्यक्तिगत फाईल बनाउन लगाई यस प्रदेश किताबखानामा १५ दिनभित्र बुझाउने गरी एकजना सम्बन्धित शाखाको कर्मचारी समेत पठाउने व्यवस्था गर्नुहुन बागमती प्रदेश सरकार (प्रमुख सचिवस्तर) मिति २०८२।०८।०४ को निर्णयानुसार अनुरोध छ।
साथै व्यक्तिगत फाईलमा तपशिल बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपिहरु सिलसिलेबार रुपमा राख्नु पर्नेछ :-

**तपशिल**

क) कर्मचारीको हकमा

१. सिफारिस पत्र / शुरु नियुक्ति पत्र
२. नागरिकता
३. शैक्षिक योग्यताका प्रमाणपत्रहरु
४. हालसम्म भएका सरुवा/ बढुवा/पदस्थापनका पत्रहरु
५. अद्यावधिक भएको PIS विवरण
६. अन्य कागजपत्रहरु (केही भएमा)

ख) संगठन/दरबन्दीको हकमा

१. स्वीकृत संगठन चार्ट
२. दरबन्दी तेरिज
३. पद दर्ताको विवरण

गौतम भण्डारी
निर्देशक